श्री जिल्ला प्रशासन कार्यालय काठमाडौं

इजलाश

प्रमुख जिल्ला अधिकारी श्री **बसन्त राज गौतम**बाट भएको

# फैसला

सम्बत् २०६९/०७० सालको स.फौ.नं.**२५/४८**(हातहतियार)

दर्ता मिति :– **२०६९/०५/२३**

मुद्दा :– हातहतियार खरखजाना ।

निर्णय नं.६५९ , मिति :– **२०७०/१०/२०**

| वादी | प्रतिवादी |
|---|---|
| प्रहरी प्रतिवेदन जाहेरीले<br>**नेपाल सरकार**......... .........१ | जिल्ला धादिङ्ग, जीवनपुर गा.वि.स. वडा नं. ८ बस्ने लक्ष्मण पाण्डेको छोरा बर्ष २१ को बद्री पाण्डे.... ............................................ .१ |
| निजको प्रमाण.................................. | निजको प्रमाण .................................................................. |
| साक्षी............................................ | साक्षी ........................................................................... |
| कागज........................................... | कागज ......................................................................... |

**यस कार्यालयबाट बुझेको**

प्रमाण...........................................

साक्षी..........................................

कागज ----------------------------

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र यस कार्यालयको ठहर यस प्रकार छ :–**

१. तपाईको सगसाथमा हातहतियार लुकाई राख्नु भएको छ भन्ने विशेष सुराकद्धारा जानकारी प्राप्त हुन आएको हुदा तपाईको जिउ शरिर खानतलासी गर्न दिनु होला भन्ने व्यहोराको बद्री पाण्डेलाई दिएको खानतलासी पूर्जि ।

२. मिति २०६९/०६/३० गतेका दिन पक्राउ परेका बद्री पाण्डेको साथबाट का.जि.,का.म.न.पा.,वडा नं.१४ कंलकी स्थितबाट ०३२ समेत लेखिएको कटुवा पेस्तोल थान एक र सोही पेस्तोलसँग फिट हुने गोली राउण्ड थान २ समेत फेला पारी वरामद गरि पेस्तोल र गोली सहित बद्री पाण्डेलाई पक्राउ गरिएको भन्ने व्यहोराको **खानतलासी तथा वरामदी मुचुल्का सहितको प्रहरी प्रतिवेदन ।**

३. म पक्राउ पर्नु भन्दा २०/२५ दिन अगाडि काठमाण्डौं कोटेश्वर नजिक नरेश थापा भन्ने साथी मार्फत सुवास भन्ने साथीसँग चिनजान भई परिचय भएपछि निजसँग बारम्वार भेटघाट कुराकानी हुने गर्दथ्यो, निज सुवास भन्ने साथीले मलाई मिति २०६९/०६/३० गतेका दिन काठमाण्डौं कंलकी नजिक बोलाएपछि म उक्त स्थानमा गई निज सुवासलाई भेट भई कुराकानी हुदा निजले मलाई हाल वरामद भएको कटुवा पेस्तोल नाल एक, ऐ. को गोली थान २ समेत दिए पछि मैले आफ्नो साथमा बोकी लुकाई राखी बसेको अवस्थामा प्रहरीहरु आई मेरो शरिर तलासी लिदा उक्त वरामदी मुचुल्कामा उल्लेखित कटुवा पेस्तोल र गोली राउण्ड थान दुई सहित फेला पारी पक्राउमा परेको हुँ, मलाई प्रहरीले पक्राउ गरेको थाहा पाएपछि निज सुवास भन्ने साथी भागेको हुनु पर्छ भन्ने समेत व्यहोराको **प्रतिवादी बद्री पाण्डेले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।**

४. परीक्षणको लागि पठाइएको बरामदी कटुवा पेस्तोलमा वरामदी गोली थान दुई फायर गर्न मिल्ने चालु अवस्थामा रहेको भन्ने व्यहोरा केन्द्रिय प्रहरी विधि विज्ञान प्रयोगशालाको हतियार परीक्षण प्रतिवेदन ।

५. पक्राउमा नपरी फरार रहेको नाम, थर र वतन  नखुलेको सुवास भन्ने अभियुक्तको खोजतलास गर्दा गराउदा हालसम्म पनि फेला नपरेको भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदन ।

६. संकलित कागज प्रमाणहरुबाट प्रतिवादी बद्री पाण्डेलाई मिति २०६९/०६/३० गतेका दिन का.जि.,का.म.न.पा.,वडा  नं.१४  कलंकी भन्ने स्थानबाट प्रहरीले फेला पारी निजको शरिर खानतलासी लिदा निजले लुकाई राखेको अवस्थामा निजको साथबाट ०३२ लेखिएको कटुवा पेस्तोल थान-१ र ऐ मा फिट हुने गोली राउण्ड-२ समेत बरामद भएको हुदा, निज प्रतिवादी बद्री पाण्डेले हातहतियार तथा खरखजाना ऐन,२०१९ को दफा २० को उप-दफा ३(२) विपरितको कसूर गरेको हुदा निज प्रतिवादी बद्री पाण्डे उपर सोही ऐनको दफा २० को उप-दफा २(क) र ३(क) बमोजिम सजाय हुन र बरामद भएको ०३२ लेखिएको कटुवा पेस्तोल थान-१ र सो मा फिट हुने गोली राउण्ड थान-२ सोही ऐनको दफा १६ बमोजिम जफत हुन मागदावी लिई **अभियोग-पत्र प्रस्तुत भएको ।**

७. साथै प्रतिवादी बद्री पाण्डेको वयान पोलमा परेका हतियार खरखजानाको ओसार पसार तथा विक्री वितरणको कारोवारमा संलग्न देखिएका सुवास भन्ने व्यक्तिको एकिन नाम,थर र वतन खुली आएको नदेखिदा निजको एकिन नाम,थर र वतन खुली वा पक्राउमा परी आएका वखत कानून बमोजिम गरिने व्यहोरा समेत अभियोग पत्रमा उल्लेख भई आएको ।

७. वरामद भएको हतियार तथा गोली देखाउदा देखि पाए, उक्त सामान म बाट वरामद भएको हो,उक्त हतियार सम्वन्धमा म माओवादी जनसेनाबाट स्वेच्छिक अवकाशमा निस्किएको हुँ, हाल म चितवन टाडी स्थित क्रिस्टल कलेजमा मानविकी १२ कक्षामा पढ्दै छु । हाल म काठमाण्डौं बनस्थली स्थित फुपु दिदीको घरमा आएको थिए । मिति २०६९/०६/३० गतेका दिन विहान ८.३० बजेको समयमा माओवादी जनसेनावाट अगाडि नै निस्किएका सुवास भन्ने व्यक्तिले फोन गरी मलाई वोलाएकाले म कलंकी आएको थिए, उसले विहान ११ बजे कलंकीमा भेट भई पार्टीको काममा जाने भनि कलंकीबाट नागढुङ्गा जाने बाटो तिर लगी कपडाले वेरेको अवस्थामा उक्त गोली थान २ र पेस्तोल थान १ दिएको थियो । उक्त हतियार के को लागि हो भनि सोध्दा निजले तत्काल नभनेको र निजसँग हिडेको २ मिनेट पछि निजले को कसलाई फोन गरे लगत्तै प्रहरीले पक्राउ गरी मेरो साथबाट वरामद गरेको हो । निज सुवासलाई प्रहरीले केही गरेन छाडी दियो । मेरो मोवाइल पनि निज सुवास सगैं छ । निज सुवास भन्ने व्यक्ति २३/२४ वर्षको जस्तो थियो र घर ठेगाना साखु र हाल कलंकीमा बस्छु भन्थ्यो भन्ने समेत व्यहोराको **प्रतिवादी बद्री पाण्डले यस कार्यालयमा गरेको वयान ।**

८. यसमा प्रतिवादीले बयान गर्दा अभियोग स्वीकार गरी वयान गरेको देखिदा पछि मुद्दा फैसला हुदाका वखत ठहरे बमोजिम हुने गरी हाललाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४ (क) बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्ने व्यहोराको **यस कार्यालयबाट मिति २०६९/०७/२४ मा भएको थुनछेक आदेश ।**

९. निज बद्री पाण्डेलाई सानै देखि चिन्दछु, निजको चालचलन अत्यन्त राम्रो छ, निज +२ मा अध्ययनरत विद्यार्थी समेत रहेकाले निज अवैध हातहतियार राखी हिड्ने कार्यमा संलग्न थिएनन्, सुवास भन्ने व्यक्तिले जवर्जस्ती हतियार बोक्न लगाई उसैले प्रहरीलाई खवर गरी प्रस्तुत मुद्दामा फसाएको हो भन्ने कुरा सुनी थाहा पाएको छु, निज सुवास भन्ने व्यक्ति खोजतलास गरी जवर्जस्ती फसाइएका बद्री पाण्डेलाई प्रस्तुत मुद्दाबाट सफाई दिलाई पाउँ भन्ने प्रतिवादीका साक्षी अनुज पाण्डेले यस कार्यालयम गरेको **बक-पत्र ।**

१०. मिति २०६९/०६/३० गतेको वरामदी मुचुल्का समेतका कागजातहरु पढी सुनी पाए, उक्त व्यहोरा ठीक साँचो हो, निज प्रतिवादी बद्री पाण्डेसँग का.म.न.पा.,वडा नं.१४ स्थित सडक पेटीमा शंका लागि चेक जाँच गर्दा कम्मरमा लुकाई राखेको अवस्थामा कटुवा पेस्तोल थान १ र गोली थान २ वरामद भएकोले वरामदी मुचुल्का खडा गरी प्रतिवेदन गरिएको हो, निज प्रतिवादीलाई अभियोग दावी अनुसार सजाय हुनु पर्ने हो भन्ने प्र.ना.नि.असरफ अलि अन्सारीले यस कार्यालयमा गरेको बकपत्र ।

## यस कार्यालयको ठहर

११. नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा **मिसिल संलग्न कागजातहरु अध्ययन गरि प्रतिवादीको तर्फबाट उपस्थित विद्धान अधिवक्ता संजीव लामाको वहस तथा प्रतिवादीको**

**जिकिर समेत सुनि निर्णय तर्फ विचार गर्दा प्रतिवादी बद्री पाण्डेले हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३ (२) बमोजिमको कसुर अपराध गरेको हो होइन् निर्णय गर्नु पर्ने देखिन आयो ।**

१२. निर्णय तर्फ विचार गर्दा, काठमाण्डौं-१४ स्थित कृषि विकास बैंकको गेट अगाडि रहेको सडक पेटीमा प्रतिवादी बद्री पाण्डे शंकास्पद अवस्थामा उभिरहेको देखि पक्राउ गरी निजको शरिर तलासी लिदा ०३२ लेखिएको कटुवा पेस्तोल १ र सो मा फिट हुने गोली राउण्ड २ फेला परेको भन्ने खानतलासी एवं वरामदी मुचुल्का,सो मुचुल्कामा उल्लेखित हातहतियार सुवास भन्ने साथीले आफुलाई दिएको र आफ्नो साथ लुकाई राखेको अवस्थामा प्रहरीले मेरो साथबाट वरामद गरेको हो भनि अधिकार प्राप्त अधिकारी र यस कार्यालयमा समेत सावित भै वयान गरेको मिसिल संलग्न प्रमाण कागजातबाट देखिदा प्रतिवादीले वरामदी मुचुल्कामा उल्लेखित हातहतियार खरखजाना विना ईजाजत आफ्नो साथमा राखी हिडडुल गरी विक्री वितरण गर्ने मनसाय समेत राखी, हातहतियार खरखजाना ऐन,२०१९ को दफा ३(२) विपरित कसुर गरेको ठहर्छ । सो ठहर्नाले प्रतिवादी बद्री पाण्डेलाई सोही ऐनको दफा २०(२) र २०(३) बमोजिम ३ (तीन) वर्ष कैद सजाय हुन्छ । अभियोग पत्रसाथ पेश हुन आएको पेस्तोल र गोली सोही ऐनको दफा १६ बमोजिम जफत हुन्छ । अरुमा कानून बमोजिम **गर्ने गरि प्रस्तुत मुद्दा मुलुकी ऐन अ.बं. १८६ नं. बमोजिम फैसला गरि दिएको छ ।**

<u>तपसिल</u>

माथि ईन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी बद्री पाण्डेलाई ३ वर्ष (तीन वर्ष ) कैद सजाय हुने ठहरी फैसला भएकोमा निज अनुसन्धानको क्रममा प्रहरी हिरासतमा परेको मिति २०६९/०६/३० देखी थुनामा बसेको देखिंदा कानून बमोजिम सोही मितिबाट गणना हुने गरी कैदिपूर्जी दिई कैदमा राख्नु ......................................................................................................................................१

प्रतिवादीलाई प्रस्तुत फैसलामा चित्त नबुझे फैसला सुनि पाएको मितिले ७० (सत्तरी) दिनभित्र श्री पुनरावेदन अदालत, पाटन, ललितपुरमा पुनरावेदन गर्न जानू भन्ने पुनरावेदन म्याद सुनाउनू/दिनू र जि.स.व.का. काठमाडौंलाई प्रस्तुत फैसलाको फोटोकपि समेत साथै राखी मुद्दा फैसला भएको जानकारी र पुनरावेदनको म्याद समेत लेखी पठाउनू .................................... ..............................................२

वरामद हातहतियार खरखजाना जफत हुने ठहरेकोले नियमानुसार आम्दानी बाँधी यस कार्यालयमा जानकारी दिन सम्बन्धित प्रहरी कार्यालयमा लेखि पठाउनु.................................................................................३

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू ...४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत पाटनमा पठाइदिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू ...........................................................................५

..................................

**(बसन्त राज गौतम)**

प्रमुख जिल्ला अधिकारी

इति सम्बत् २०७० साल माघ २० गते रोज २ शुभम् ...........................................................................